# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,
३ नं.प्रदेश, नेपाल

प.सं.०७५/७६ प्र.शा.
च.नं. ४२५

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

मितिः २०७५/०४/२७

**विषयः जानकारी सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै,

भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, चितवनको प.सं. ०७५/०७६ च.नं. ६८५ मितिः २०७५/४/२२ गतेको प्राप्त पत्र यसै साथ संलग्न राखि पठाइएको छ ।सो पत्रानुसार कार्यान्वयन गर्नुहुन जानकारी गराइन्छ ।

२०७५/४/२७

...........................
(खगेश्वर अधिकारी)
कानून अधिकृत

**कानुन अधिकृत**

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

☎ ०५६-५२०१०५
०५६-५२०११
०५६-५२११५
Fax:०५६-५२०७४८

प.सं. ०७५/०७६ मितिः-२०७५।४।२२
च.नं.- ६८५

विषयः- सिफारिस सम्बन्धमा ।

श्री प्रमुख ज्यू
भरतपुर म.न.पा कार्यालय

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. ८३९० मिति २०७५/३/११ को पत्र प्राप्त भएकै छ । अझै पनि कतिपय स्थानीय निकायबाट नागरिकता र अन्य कार्य सिफारिस गर्दा ऐन, नियम, निर्देशिका, परिपत्रमा र उक्त पत्रमा उल्लेख भए बमोजिमको प्रक्रिया र कागजात पुरा नभै सिफारिस भै आउने गरेको कारण सेवाग्राहीलाई दोहोरो झन्झट व्यहोर्नु पर्ने अवस्था सिर्जना भएको छ । तसर्थ नागरिकता सिफारिस लगायत अन्य कार्यको लागि सिफारिस गर्दा निम्न विषयमा आधारित रही गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

१. सिफारिस गर्दा प्रचलित ऐन, नियम, कानून, परिपत्र, निर्देशनको प्रक्रिया र आवश्यक प्रमाण र कागजातको अध्ययन गरी सिफारिस गर्ने र आवश्यक कागजातहरु सबैको सक्कल प्रति सहित साथै लिएर जिल्ला प्रशासन कार्यालय जानको लागि सेवाग्राहीलाई सुसूचित गराउनुहुन ।
२. बेजिल्लाबाट बसाइसराइ भई नयाँ नागरिकता प्राप्त गर्ने, नागरिकता हराई यस जिल्लाबाट प्रतिलिपि लिने, पतिको नाम कायम गर्ने, यस जिल्लाबाट राहदानी प्राप्त गर्ने, यस जिल्लाको ठेगाना कायम गर्नेको हकमा बसाइसराइ र जग्गाधनी प्रमाणपत्र अनिवार्य रुपमा सक्कल पेश गर्न लगाई मात्र सिफारिस गर्ने गराउने व्यवस्था मिलाउनुहुन ।
३. बेजिल्लाबाट कानूनको रित पुर्याई बसाइसराइ भै आएको तर लालपूर्जा नहुनेको हकमा स्थायी रुपमा बसोबास गरेको प्रमाण खुल्ने (घरको नक्सा पास, धारापानी, बिजुलीको बिल, कुन जग्गामा कुन रुपमा बसोबास गरेको हो सोको स्पष्ट खुल्ने गरी) छुट्टै सिफारिस गर्ने ।
४. जन्मको आधारमा नागरिकता प्राप्त गरेका सन्तानको हकमा गृह मन्त्रालयको मिति २०७५/४/२० च.नं. १२६ को पत्रानुसार मौजुदा ऐन २०६३ मा समायानुकुल परिमार्जन एवं संशोधनका लागि मस्यौदा तयार भै संसदमा पेश गर्ने प्रयोजनका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश भएको अवस्थामा संघीय कानून बने पछि मात्र उक्त कानूनमा व्यवस्था भए बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई नागरिकता प्रदान गर्न सकिने व्यहोरा उल्लेख भै आएकोले हाललाई जन्मको आधारमा नागरिकता प्राप्त सन्तानको हकमा सिफारिस गर्न नमिल्ने व्यहोरा समेत अनुरोध छ ।

२०७५।४।२२
रामचन्द्र ढकाल
प्रशासकीय अधिकृत

श्री प्रशासन
जानकारीका लागि website मा राख्ने र कार्यपालिका बैठकमा जानकारी गराउने व्यवस्था हुन
२०७५।४।२४

निशुल्क फोन नं.१६५२००१-१६६० . daochitwan@moha.gov.np, daochitwan1@gmail.com daochitwan.moha.gov.np

"निजामति कर्मचारीको प्रतिवद्धताः पारदर्शिता र चुस्तता"

Scanned by CamScanner